राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

# संघीय सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई उपलब्ध गराईने वित्तीय समानीकरण अनुदानको सीमा सम्बन्धी सिफारिस

२०७४ फाल्गुन ३०

सिंहदरबार, काठमाडौं

## १. पृष्ठभूमि

संवैधानिक व्यवस्था अनुरुप नेपालमा संघ, प्रदेश र स्थानीय सरकारहरू गठन भई कार्यारम्भ गरिसकेका छन्। यी सरकारहरूबीच भएको राज्यशक्तिको बाँडफाटलाई सार्थक रुपमा प्रयोग गर्न वित्तीय स्रोतको बाँडफाँटले महत्त्वपूर्ण भुमिका खेल्दछ। संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो खर्च जिम्मेवारीलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभिन्न तहका सरकारहरू बीच वित्तीय स्रोतको न्यायोचित वितरण हुनु जरुरी छ। प्रदेश तथा स्थानीय सरकारले संवैधानिक एवम् कानूनी व्यवस्था बमोजिम आ-आफ्नो जिम्मेवारी पूरा गर्ने सन्दर्भमा ती सरकारहरूको आवश्यकता, साधनस्रोतको उपलब्धता र क्षमतामा एकरुपता नभएको र निर्दिष्ट जिम्मेवारी पूरा गर्न उनीहरूको आन्तरिक स्रोत पर्याप्त नहुने भएकाले संघीय सरकारले प्रदेश तथा स्थानीय सरकारलाई राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण गर्ने व्यवस्था गरिएको छ।

## २. संवैधानिक तथा कानूनी व्यवस्था

### क. संवैधानिक व्यवस्थाः

अन्तर सरकारी वित्त व्यवस्थापनका सम्वन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्:-

- धारा ६० को उपधारा (३): प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने;
- धारा ६० को उपधारा (४): नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने;
- धारा ६० को उपधारा (८): राजस्व बाँडफाँट गर्दा राष्ट्रिय नीति, राष्ट्रिय आवश्यकता, प्रदेश र स्थानीय तहको स्वायत्तता, प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा र उनीहरूलाई प्रदान गरिएको आर्थिक अधिकार, राजस्व उठाउन सक्ने क्षमता, राजस्वको सम्भाव्यता र उपयोग, विकास निर्माणमा गर्नुपर्ने सहयोग, क्षेत्रीय असन्तुलन, गरिबी र असमानता न्यूनीकरण, वञ्चितीकरणको अन्त्य, आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नुपर्ने विषयहरूलाई ध्यान दिनु पर्ने;
- धारा २५१ उपधारा (१): संविधान र कानून बमोजिम संघीय संचित कोषबाट संघ, प्रदेश र स्थानीय सरकारबीच राजस्वको बाँडफाँट गर्ने विस्तृत आधार र ढाँचा निर्धारण गर्ने र समानीकरण अनुदानको सिफारिस गर्ने काम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हुने।

### ख. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको गठन तथा यसको काम कर्तव्य तथा अधिकारका सम्बन्धमा आवश्यक व्यवस्था गरी संविधानको धारा २५० तथा २५१ को मर्मलाई स्पष्ट रूपमा कार्यान्वयन गर्नका लागि तर्जुमा गरिएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा वित्तीय समानीकरण अनुदान सिफारिसका लागि देहायका आधारहरू तोकिएका छन्।

- प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकाङ्क,
- अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था,

- प्रदेश तथा स्थानीय तहमा रहेको आर्थिक सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था,
- प्रदेश तथा स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता,
- प्रदेश तथा स्थानीय तहले जनतालाई पुऱ्याउनु पर्ने सेवा,
- प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता,
- प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता।

### ग. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

संघ, प्रदेश एवं स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँट, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्वन्धी विषय व्यवस्थित गर्ने उद्देश्यले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ जारी भई लागू भएको छ। यस ऐनले मूलतः वित्तीय संघीयताको महत्वपूर्ण अवयवको रुपमा रहेको राजस्व र खर्चको जिम्मेवारी, अन्तरसरकारी वित्त हस्तान्तरण, प्रदेश तथा स्थानीय तहले लिन पाउने आन्तरिक ऋण लगायतका विषयलाई समेटेको छ। यस ऐनमा वित्तीय समानीकरण अनुदान हस्तान्तरणको आधार र ढाँचा निर्धारण गर्ने काम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा मात्र हुने व्यवस्था गरिएको छ। तर हाल आयोग गठन भइनसकेकोले आयोगको कार्यालयले वित्तीय समानीकरण अनुदानको सीमा निर्धारणका लागि मात्र सिफारिस गरेको छ।

## ३. आर्थिक वर्ष २०७५/७६ को वित्तीय समानीकरण अनुदानको सीमा सिफारिसका लागि आयोगले अवलम्वन गरेको विधि

सरकारहरू बीच हुने स्रोतको बाँडफाँट एवम् वित्तीय हस्तान्तरणलाई बढी पारदर्शी, न्यायसम्मत र सन्तुलित तुल्याउनका लागि नै एक स्वतन्त्र संवैधानिक निकायको व्यवस्था गरिएको हो। संविधानको यसै मर्मलाई आत्मसात् गर्दै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बजेट तर्जुमा पूर्व नै वित्तीय समानीकरण अनुदानको सीमा सिफारिस गर्ने प्रयोजनका लागि देहाय बमोजिमको विधि अवलम्वन गरेको छ।

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा उल्लिखित आधारहरूको सम्बोधन,
- खण्डीकृत तथ्याङ्क (Disaggregated Data) प्राप्त हुन नसकेको अवस्थामा विभिन्न Proxy प्रयोग गरी सूचकाङ्क निर्धारण,
- उपलब्ध भएसम्म केन्द्रीय तथ्याङ्क विभाग, स्थानीय निकाय वित्तीय आयोग र नेपाल सरकारका अन्य निकायहरूबाट प्राप्त तथ्याङ्कको प्रयोग,
- स्थानीय तहबाट प्राप्त तथ्याङ्कको अध्ययन र विश्लेषण,
- तथ्याङ्कको वैधता (Validity) परीक्षण गर्न भौगोलिक क्षेत्र, प्रदेश एवम् स्थानीय तहका प्रकार र बसोबासको सघनता जस्ता पक्ष समेट्ने गरी नमुना तथ्याङ्क संकलन,
- सेवा प्रवाहको लागत अनुमान, आर्थिक-सामाजिक विभेदको अवस्था र स्थानीय तहको क्षमता आँकलन सम्बन्धमा अध्ययन,
- प्रदेश मन्त्रीमण्डल, प्रमुख सचिव र प्रदेश मन्त्रालयका सचिवहरूसँग अन्तरक्रिया,

- सबै प्रदेश र स्थानीय तहहरूका देहायका सूचकाङ्क निर्माण
    - नेपाल मानव विकास प्रतिवेदन, २०७१ तथा राष्ट्रिय जनगणना, २०६८ का आधारमा **मानव विकास सूचकाङ्क (Human Development Index)**
    - नेपाल मानव विकास प्रतिवेदन, २०७१ तथा राष्ट्रिय जनगणना, २०६८ का आधारमा **मानव गरिबी सूचकाङ्क (Human Poverty Index)**
    - सडक, विद्युत र सूचना प्रविधिको उपलब्धताका आधारमा **पूर्वाधार सूचकाङ्क (Infrastructure Index)**
    - पूर्वाधार विकास, सेवा लागत र आर्थिक सामाजिक विभेदको अध्ययनका आधारमा **न्यून विकास सूचकाङ्क (Underdevelopment Index)**
- विभिन्न तहका सरकारहरूको न्यूनतम खर्च एवम् पूर्वाधार विकासको आवश्यकता समेतका आधारमा खर्चको आवश्यकता आँकलन,
- राजस्वको अधिकार, स्थानीय तहबाट प्राप्त विवरण र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट प्राप्त विवरण समेतको आधारमा राजस्व प्रक्षेपण,
- सूचकाङ्क निर्माणमा Geometric Mean को प्रयोग।

**४. आर्थिक वर्ष २०७५/७६ को वित्तीय समानीकरण अनुदानको सीमा सिफारिस गर्दा लिइएका आधारहरु**

माथि चर्चा गरिएका संवैधानिक एवम् कानूनी व्यवस्था अनुसार हुने गरी नेपाल सरकारबाट प्रदेश तथा स्थानीय सरकारलाई उपलब्ध गराईने वित्तीय समानीकरण अनुदान सम्वन्धमा सिफारिस गरिएको छ। प्रचलित कानूनमा व्यवस्था गरिएका कतिपय आधारहरूको बारेमा पूर्ण तथ्याङ्क उपलब्ध नहुने भएकाले आगामी आर्थिक वर्षको सीमा निर्धारणका लागि ती आधारहरूलाई अन्य आधारहरू र सूचकाङ्कबाट सम्बोधन गरिएको छ। आर्थिक वर्ष २०७५/७६ को वित्तीय समानीकरण अनुदानको सीमा सिफारिस गर्न आयोगबाट देहाय बमोजिमका आधारहरूको प्रयोग गरिएको छ।

क. **खर्चको आवश्यकता र राजस्व क्षमता बीचको अन्तर**

प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमता बीचको अन्तर सम्वोधन गर्न यस सूचकाङ्कलाई प्रयोग गरिएको छ। यसका लागि प्रदेश तथा स्थानीय तहले संविधानको अनुसूचीमा तोकिएका जिम्मेवारी पूरा गर्न लाग्ने लागत अनुमान गरिएको छ। त्यसैगरी आर्थिक वर्ष २०७३/७४ को स्थानीय तहको आन्तरिक राजस्व समेतका आधारमा स्थानीय तहको राजस्व क्षमता आँकलन गरिएको छ। प्रदेश तहको हकमा राजस्व एवम् खर्चको यथार्थ तथ्याङ्क उपलब्ध नहुने भएकाले प्रदेशगत विकास कार्यक्रम र सेवा प्रवाहका लागि आवश्यक पर्ने लागतको सूचकाङ्क प्रयोग गरिएको हो।

ख. **मानव गरिबी सूचकाङ्कः**

प्रदेश तथा स्थानीय तहको शिक्षा, स्वास्थ्य, खानेपानी लगायतको आवश्यकतालाई सम्बोधन गर्नका लागि मानव गरिबी सूचकाङ्कलाई प्रयोग गरिएको छ। स्थानीय तहको हकमा सन् २०१४ को मानव विकास

प्रतिवेदन बमोजिमको भौगोलिक क्षेत्र, ग्रामीण तथा शहरी क्षेत्र र जिल्लास्तरको मानव गरिबी सूचकाङ्क समेतका आधारमा मानव गरिबी सूचकाङ्क तयार गरिएको छ।

प्रदेश तहको हकमा भने राष्ट्रिय योजना आयोगले तयार गरेको बहुआयामिक गरिबी सूचकाङ्क (Multi-Dimensional Poverty Index) प्रयोग गरिएको छ।

ग. **सामाजिक तथा आर्थिक विभेद सूचकाङ्क**

प्रदेश र स्थानीय तहमा रहेको आर्थिक, सामाजिक तथा अन्य विभेदलाई सम्बोधन गर्नका लागि सामाजिक तथा आर्थिक विभेद सूचकाङ्क तयार गरिएको छ। सूचकाङ्क तयार गर्दा आर्थिक एवम् सामाजिक विभेदको अवस्थाका साथै जलवायु परिवर्तनका कारण सृजित जोखिमको अवस्थालाई विश्लेषण गरिएको छ। आर्थिक विभेदको प्रतिनिधि सूचकका रुपमा प्रदेश र स्थानीय तहको गरिबी, आश्रित जनसंख्या, पूर्वाधार विकासको अवस्थालाई लिइएको छ। त्यसैगरी प्रदेश र स्थानीय तहको जनजातिगत विवरण, अपाङ्ग जनसंख्याको अनुपात, प्रौढ तथा महिला साक्षरता, सुरक्षित खानेपानीमा भएको पहुँचलाई सामाजिक विभेदको प्रतिनिधि सूचकका रुपमा रुपमा लिइएको छ।

घ. **पूर्वाधार सूचकाङ्क**

पूर्वाधारको महत्वपूर्ण पक्ष Connectivity सँग सम्बन्धित पूर्वाधारहरू सडक, विद्युत तथा सूचना प्रविधिमा पहुँचको अवस्थाका सम्बन्धमा केन्द्रीय तथ्याङ्क विभाग र नेपाल सरकारका विभिन्न निकायहरूबाट प्राप्त तथ्याङ्कका आधारमा पूर्वाधार सूचकाङ्क तयार गरिएको छ।

**वित्तीय समानीकरण अनुदानवापत प्राप्त हुने न्यूनतम रकम**

माथिका आधारहरूबाट वित्तीय समानीकरण अनुदानवापत उपलब्ध हुने रकमले स्थानीय तहको न्यूनतम खर्च आवश्यकतालाई सम्बोधन गर्न नसक्ने भएमा प्रत्येक स्थानीय तहले निश्चित अङ्क भन्दा कम नहुने गरी वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने सुनिश्चित गर्ने गरी सीमा सिफारिस गरिएको छ।

## ५. आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराईने वित्तीय समानीकरण अनुदानको प्राथमिकताका क्षेत्रहरू

प्रदेश र स्थानीय तहले आ-आफ्नो संवैधानिक एवम् कानूनी जिम्मेवारी बहन गर्ने सन्दर्भमा उनीहरूको खर्चको आवश्यकता र राजस्व क्षमतामा एकरुपता छैन। यसप्रकार खर्चको आवश्यकता र राजस्व क्षमतामा भएको विविधतालाई सम्बोधन गर्दै आधारभूत सार्वजनिक सेवा सुविधामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न एवम् प्रदेश र स्थानीय तह एवम् अन्तरप्रदेश वा अन्तर स्थानीय तहबीच सन्तुलित विकास गर्ने लक्ष्य हासिल गर्न योगदान पुऱ्याउने उद्देश्यले नेपालको संविधानको धारा ६० को उपधारा (४) मा वित्तीय समानीकरण अनुदानको व्यवस्था गरिएको छ। यसरी नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने वित्तीय समानीकरण अनुदानको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था संविधानको ६० को उपधारा (३) र धारा २५१ को उपधारा (१) (ख) मा रहेको छ।

उपरोक्त संवैधानिक व्यवस्था एवम् राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ मा उल्लेखित कानूनी आधारको अधीनमा रही राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको सिफरिस बमोजिम आर्थिक बर्ष २०७५/७६ मा प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानको सीमा निर्धारण गरिएको छ। वित्तीय समानीकरण अनुदान अन्य अनुदान जस्तै निश्चित शर्त, आयोजना वा कार्यक्रममा आबद्ध नहुने नभए पनि यसलाई बढी उद्देश्यमूलक बनाउन तथा जुन प्रयोजनका लागि उपलब्ध गराइएको हो सोही प्रयोजनका लागि उपयोग गर्न स्पष्ट दिशाबोध होस् भन्ने अभिप्रायले प्राप्त वित्तीय समानीकरण अनुदानबाट बजेट विनियोजन एवम् खर्च गर्दा देहाय बमोजिमका प्राथमिकता अपनाउन सिफारिस गरिएको छ।

**प्रदेश तर्फः**

- साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका तर हाल प्रदेश सरकारले निरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरू,
- नेपालको संविधानको अनुसूचीहरूमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य एवम् विभिन्न तहका सरकारबाट सम्पादन हुनुपर्ने कार्य जिम्मेवारी सम्वन्धमा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित कार्यमध्ये प्रदेश सरकारबाट सम्पादन गर्नुपर्ने देहाय बमोजिमका कार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्ने,
    - प्रदेशस्तरको उच्च शिक्षा सम्बन्धी नीति, कानून, योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य,
    - प्रादेशिक स्वास्थ्य सम्बन्धी नीति, कानून, योजना तथा कार्यक्रम कार्यान्वयन र नियमन सम्बन्धी कार्य,
    - विद्युत, सिंचाइ, खानेपानी, सरसफाइ तथा परिवहन सम्बन्धी प्रादेशिक नीति, कानून, योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य,
    - कृषि तथा पशु विकास सम्बन्धी प्रादेशिक नीति, कानून, योजना कार्यान्वयन र नियमन सम्बन्धी कार्य,
    - प्रादेशिक भौतिक पूर्वाधारहरूको निर्माण तथा व्यवस्थापन सम्बन्धी कार्य,
- प्रदेश सरकारले वहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरू,
- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रवाहका लागि सन्चालन हुने कार्यक्रम तथा आयोजनाहरू,
- सम्बन्धित प्रदेशको सन्तुलित विकासमा टेवा पुऱ्याउने पूर्वाधार विकासका कार्यक्रम तथा आयोजनाहरू,

- सामाजिक एवम् आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवम् मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने कार्यक्रम तथा योजनाहरू,

साथै समानीकरण अनुदान वापत प्रदेश सरकारलाई प्राप्त भएको रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवम् सन्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्नेछ।

**स्थानीय तह तर्फः**

- साविकमा संघीय सरकारबाट सञ्चालन हुँदै आएका तर हाल स्थानीय सरकारले निरन्तरता दिनुपर्ने भई हस्तान्तरण भई आएका कार्यक्रम तथा आयोजनाहरू,
- नेपालको संविधानको अनुसूचीहरूमा उल्लेखित आधारभूत जिम्मेवारीमा रहने कार्य एवम् विभिन्न तहका सरकारबाट सम्पादन हुनुपर्ने कार्य जिम्मेवारी सम्वन्धमा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित कार्यहरूमध्ये स्थानीय तहबाट सम्पादन गर्नुपर्ने देहाय बमोजिमका कार्यका लागि यथेष्ट रकम विनियोजन गरेपछि मात्र अन्य कार्यक्रम तथा आयोजनामा रकम विनियोजन गर्नुपर्ने,
  - आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी कार्य,
  - आधारभूत स्वस्थ्य र सरसफाइ सम्बन्धी कार्य,
  - कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्य,
  - कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्य,
  - स्थानीय खानेपानी सम्बन्धि नीति, योजना, कार्यन्वयन र नियमन एवम् खानेपानी सेवा व्यवस्थापन सम्बन्धी कार्य,
  - स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन र मर्मत- संभार सम्बन्धी कार्य,
  - स्थानीय तटबन्ध नदी नियन्त्रण तथा नदी व्यवस्थापन सम्बन्धी कार्य,
  - सामुदायिक भू-संरक्षण, स्थानीय पहिरो नियन्त्रण र व्यवस्थापन सम्बन्धी कार्य,
  - खेलकुद विकास र प्रवर्द्धन सम्बन्धी कार्य,
  - स्थानीय यातायात व्यवस्थापन सम्बन्धी कार्य,
- स्थानीय तहले बहन गर्नुपर्ने अनिवार्य दायित्वका विषयहरू,
- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रवाहका लागि सन्चालन हुने कार्यक्रम तथा आयोजनाहरू,

- सम्बन्धित स्थानीय तहको सन्तुलित विकासमा टेवा पुऱ्याउने पूर्वाधार विकासका कार्यक्रम तथा आयोजनाहरू,
- सामाजिक एवम् आर्थिक दृष्टिले कमजोर तथा तुलनात्मक रुपमा विकासको मूलप्रवाहमा पछि परेका वर्ग वा समुहको उत्थान एवम् मूलप्रवाहीकरणमा योगदान पुऱ्याउने कार्यक्रम तथा योजनाहरू।

साथै समानीकरण अनुदान वापत स्थानीय तहलाई प्राप्त भएको रकम अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवम् सञ्चालन खर्चका लागि विनियोजन नगरी विकास निर्माणमा खर्च गर्ने गरी प्राथमिकता निर्धारण गर्नुपर्नेछ ।

## ६. वित्तीय समानीकरण अनुदान सिफारिसका क्रममा देखिएका केही सीमाहरू

- आयोगका पदाधिकारीहरूको नियुक्ति भइनसकेको अवस्थामा कर्मचारीकै तहबाट राजस्व बाँडफाँट एवम् समानीकरण अनुदानको आधार एवम् ढाँचा तयार गरिएको,
- कानुनी व्यवस्था अनुरुप सबै बिषयवस्तुलाई समेटिएको, तर कतिपय आधारभूत तथ्याङ्क उपलब्ध हुन नसकेकाले स्रोतको अनुमानको आधार तयार गर्दा Proxy प्रयोग गर्नुपरेको (जस्तैः खर्चको आवश्यकता आँकलनका लागि न्यून विकास सूचकाङ्क समेत प्रयोग गरिएको,
- स्थानीय तहबाट माग गरिएको विवरण पूर्ण रुपमा प्राप्त नभएको,
- साविकमा विभिन्न मन्त्रालयबाट सञ्चालित कार्यक्रम, आयोजना एवम् क्रियाकलाप प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुनुपर्नेमा पटक पटकको छलफल, अन्तरक्रिया एवम् पत्राचारका वावजुद उक्त विषयमा पूर्ण विवरण प्राप्त हुन नसकेको।